# नगरप्रमुख तथा नगर उप-प्रमुखज्यूको पद बहाली कार्यक्रम सम्पन्न ।

**आज मिति २०७९ साल जेष्ठ ९ गते यस हेटौंडा उपमहानगरपालिका नगर प्रमुख श्री मिनाकुमारी लामा र उप- प्रमुख श्री राजेश बानियाँज्यूको पद बहाली कार्यक्रम सम्पन्न भएको छ । पद बहाली पश्चात नगर प्रमुख ज्यूबाट तपशिल बमोजिमको निर्णयहरु भई कार्यान्वयनका लागि कर्मचारीहरुलाई जानकारी समेत गराउनु भएको छ ।**

<u>तपशिलः</u>

१. यस उपमहानगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा बसोबास गरी आएका अति विपन्न घर परिवार मध्ये हाल १५४१ घर परिवारलाई निःशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्ने ।
२. उल्लेखित घर परिवारलाई मासिक १५,०००। (पन्ध्र हजार) लिटर पानी र २५ (पच्चीस) युनिट विद्युत निःशुल्क उपलब्ध गराउने ।
३. आर्थिक अवस्थाको कारणले शिक्षा हासिल गर्नबाट बञ्चित विद्यार्थीहरुलाई निजको अध्ययनमा प्रोत्साहन र सहुलियत दिन मेयर छात्रबृत्ति कार्यक्रम (Mayor Scholarship Program) सञ्चालन गर्ने ।
४. बाटो बिस्तारको क्रममा बाटोको बीच भागमा छोडिएका/ रहेका विद्युतका पोलहरु हटाई छेउ किनारामा स्थापना गर्ने ।
५. महिला जागरण समूहहरु मार्फत लैङ्गिक हिंसा विरुद्धका अभियानहरु सञ्चालन गर्दै पीडित /प्रभावित महिला तथा बालबालिकाको लागि अल्पकालिन आश्रय स्थल (सेफ हाउस) मार्फत प्रभाकारी रुपमा पुनर्स्थापानाका कार्यहरु सञ्चालन गर्ने ।